ISSN: 2631-2395
**Devkota Journal of Interdisciplinary Studies**
Vol. 8 | Issue No. 1, 2026



# स्नातक तहको सेमेस्टर प्रणालीमा विद्यार्थीहरुका अपेक्षा, क्याम्पसको वातावरण र रोजगारदाताका आवश्यकताबीचको सहसम्बन्ध एक गुणात्मक अध्ययन

**उपप्राध्यापक हरिदत्त शर्मा**
महाकवि देवकोटा क्याम्पस
devkotasmarika2081@gmail.com

**उपप्राध्यापक बबिन शर्मा**
महाकवि देवकोटा क्याम्प
sapkotababin80@gmail.com

**लेखसार (Abstract):**

*प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपालको पश्चिम तराई क्षेत्रमा सञ्चालित सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका कार्यक्रमहरुमा विद्यार्थीहरुका शैक्षिक अपेक्षा, शिक्षण संस्थाका प्रावधानहरु र रोजगार बजारको मागबीचको संरचनात्मक अन्तरको विश्लेषण गरिएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो ।  विद्यार्थीहरु, क्याम्पस प्रशासनका प्रतिनिधिहरु र स्थानीय रोजगारदाताहरुसंग तीनवटा समूह केन्द्रित छलफल (FGDs) सञ्चालन गरिएको थियो भने सातजना मुख्य सूचनादाताहरुसँग अन्तर्वार्ता (KIIs) लिइएको थियो । विषयगत सघनता (Data Saturation) हाँसिल भए पश्चात् तथ्याङ्क सङ्कलन कार्य रोकी प्राप्त भएका सामग्रीहरुको विषयगत विश्लेषण गरिएको थियो । अध्ययनको निष्कर्षबाट क्याम्पसको यथार्थ र विद्यार्थीहरुका अपेक्षाबीच पाँचवटा मुख्य बेमेलहरु उजागर गरिएको छ । पहिलो, परम्परागत शिक्षण विधि र विद्यार्थीहरुका अपेक्षाबीच तालमेल मिल्न सकेको देखिँदैन । दोस्रो, सहपाठ्य क्रियाकलाप र तालिम कार्यक्रमहरुप्रति विद्यार्थीहरुको व्यापक असन्तुष्टि देखिएको छ । तेस्रो, शिक्षक शिक्षिका र क्याम्पस प्रशासनका गतिविधिहरुमा विद्यार्थी संलग्नताको कमि देखिएको छ । चौथो, विद्यार्थीहरुले कक्षामा प्राप्त गर्ने सैद्धान्तिक ज्ञान र उद्योगहरुको व्यवहारिक आवश्यकताबीच स्पष्ट खाडल रहेको हुँदा स्नातकहरुमा रोजगारीका लागि आवश्यक सीपको अभाव देखिएको छ । पाचौँ, शिक्षणको गुणस्तरमा भौतिक तथा प्रविधिगत पूर्वाधार सुधारले न्यूनतम प्रभाव मात्र पारेको देखिन्छ । उच्च शिक्षामा सुधार ल्याउन पाठ्यक्रम परिमार्जन, अन्तर्क्रियात्मक सिकाइ, शैक्षिक संस्था उद्योग सहकार्य र सहपाठ्य क्रियाकलापको पुर्नसंरचना गर्नु पर्ने निष्कर्ष यस अध्ययनले प्रस्तुत गरेको छ ।*

***मुख्य शब्दहरु (Keywords)*** *: सेमेस्टर प्रणाली, विद्यार्थीहरुका अपेक्षा, उच्चशिक्षा सुधार, उद्योगको आवश्यकता, रोजगारीको योग्यता, गुणात्मक विश्लेषण*

## विषय परिचय तथा पृष्ठभूमि (Introduction and Background)

नेपालको उच्चशिक्षामा परम्परागत वार्षिक परीक्षा प्रणालीबाट सेमेस्टर प्रणालीमा गरिएको रुपान्तरणलाई शिक्षण पद्धतिमा सुधार ल्याउने र विद्यार्थीहरुको सिकाइको नतिजालाई आधुनिक बनाउने एउटा महत्वपूर्ण कदम मानिएको छ (विश्वविद्यालय अनुदान आयोग नेपाल UGC, २०२०)। विशेष गरी नेपालको पश्चिम तराई क्षेत्रअन्तर्गत पर्ने नवलपरासी पश्चिम, कपिलवस्तु र रुपन्देही जिल्लाहरुमा यो प्रणाली लागु भएसँगै विद्यार्थीहरुबाट निरन्तर मूल्याङ्

कन, पारस्परिक सिकाइ र सीपमा आधारित शिक्षाको माग बढेको छ। तथापि क्याम्पस आउने विद्यार्थीहरुका अपेक्षा र शैक्षिक संस्थाहरुको वास्तविक धरातलबीच तालमेल मिल्न नसक्नुएउटा गम्भिर चुनौतीका रुपमा देखा परेको छ, परिणाम स्वरुप क्याम्पसको वातावरण र विद्यार्थीहरुको बुझाइबीच एउटा ठूलो खाडल सिर्जना भएको छ, परिणाम स्वरुप विद्यार्थीहरुको सन्तुष्टि र उनीहरुको वृत्ति विकासको पूर्वतयारीमा प्रत्यक्ष असर परिरहेको देखिन्छ (अधिकारी र श्रेष्ठ, २०२१; कोइराला, २०१९)।

ग्रामीण र सहरी सामाजिक आर्थिक विविधता बोकेको पश्चिम तराई क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुका आफ्नै किसिमका चुनौतीहरु रहेका छन्। यस क्षेत्रमा धेरैजसो विद्यार्थीहरु व्यवहारिक सीप, रोजगारीमूलक पाठ्यक्रम र क्याम्पसमा गतिशील शैक्षिक वातावरणको अपेक्षासहित विश्वविद्यालयमा भर्ना हुने गर्दछन् (केन्द्रीय तथ्याङ्क विभाग नेपाल, २०२१ )तर सीमित स्रोत साधन, परम्परागत शिक्षण पद्धति र उद्योग तथा व्यवसायिक क्षेत्रसँगको कमजोर समन्वयका कारण यहाँका क्याम्पसहरुले विद्यार्थीहरुका ती अपेक्षाहरु पूरा गर्न सङ्घर्ष गरिरहेको देखिन्छ (पौडेल र महर्जन, २०२०)। यस बाहेक, सेमेस्टर प्रणालीले विद्यार्थीहरुलाई शैक्षिक गतिविधिमा निरन्तर व्यस्त राख्ने लक्ष्य लिएको भए तापनि आवश्यक तालिम र संस्थागत सहयोगको अभावका कारण प्राध्यापक र विद्यार्थीहरु दुवै पक्षमा यस प्रणालीप्रति सुरुवाती चरणमा नै केही असन्तुष्टि र चुनौतीहरु थपिएका छन् (शर्मा, २०१९)।

केन्द्रीत समूह छलफल र सर्वेक्षणहरुबाट प्राप्त विद्यार्थीहरुका प्रतिक्रियाहरुले क्याम्पसको पुरानो शिक्षण शैली, व्यवहारिक अभ्यासको कमी र वृत्ति विकास (Career Guidance) सम्बन्धी परामर्शको अभावप्रति उनीहरु असन्तुष्टि दर्शाउँछन् (बिस्ट, २०१८)। धेरैजसो विद्यार्थीहरुले क्याम्पसहरुमा पर्याप्त कार्य अनुभव तालिम (Internship) को अवसर नभएको, प्रभावकारी प्राज्ञिक परामर्श प्राप्त नभएको र उद्योग भ्रमण तथा अतिथि व्याख्यान जस्ता व्यावहारिक सिकाइका क्रियाकलापहरु नभएको गुनासो गरेका छन् (न्यौपाने र रिजाल, २०२०)। विद्यार्थीहरुका यी गुनासाहरुले के प्रस्ट पार्दछन् भने, अब शिक्षण संस्थाहरुले आफ्ना रणनीतिहरुलाई पुनर्विचार गर्नु पर्ने र क्याम्पसका गतिविधिहरुलाई विद्यार्थीका चाहना र आवश्यकतासँग जोड्नुपर्ने टड्कारो आवश्यकता रहेको छ।

यस अनुसन्धानमा पश्चिम तराईका सेमेस्टर प्रणालीमा आधारित स्नातक कार्यक्रमहरुमा विद्यार्थीहरुका अपेक्षा र क्याम्पसको वास्तविक वातावरणबीचको यो खाडललाई मिहीन ढङ्गले केलाउने प्रयास गरिएको छ। गुणात्मक विधि (Qualitative approach)को प्रयोग गरिएको यस अनुसन्धानमा विद्यार्थी, प्राध्यापक, क्याम्पस प्रशासन र रोजगारदाताहरुको दृष्टिकोणलाई समेटिएको छ। यस अनुसन्धानको मुख्य लक्ष्य कहाँ कहाँ कमजोरीहरु छन् भनी पत्ता लगाउनु र क्याम्पसको शिक्षण सिकाइलाई कसरी बढी प्रभावकारी र विद्यार्थीमुखी बनाउन सकिन्छ भन्ने व्यवहारिक उपायहरु पहिल्याउनु हो (व्यर्सन, २००४; पोखरेल र रेग्मी २०२२)।

प्रस्तुत अनुसन्धानात्मक लेखको संरचनालाई व्यवस्थित रुपमा बाँडिएको छ। साहित्य समिक्षा खण्डले यस विषयसंग सम्बन्धीत पुराना अध्ययन र सैद्धान्तिक रुपरेखालाई प्रस्तुत गर्दछ। अनुसन्धान पद्धति खण्डमा सहभागीहरुको छनौट, तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिहरुका बारेमा चर्चा गरिएको छ। त्यसपछि तथ्याङ्क विश्लेषण खण्डमा सरोकारवालाहरुको अन्तर्वार्ताबाट प्राप्त मुख्य निष्कर्ष तथा विषयवस्तुहरु (Themes) प्रस्तुत गरिएका छन्। छलफल खण्डमा ती निष्कर्षहरुलाई अनुसन्धानका प्रश्नहरु र पुराना साहित्यसंग जोडेर हेरिएको छ भने अन्तिममा निष्कर्ष तथा सिफारिस खण्डले शैक्षिक सुधारका लागि व्यवहारिक सुझावहरु र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरु प्रस्तुत गर्दछ।

## समस्याको उठान (Problem Statement)

उच्च शिक्षामा सेमेस्टर प्रणाली लागु गर्नुको मुख्य उद्धेश्य विद्यार्थीहरुलाई घोकन्ते विद्याबाट मुक्त गराई निरन्तर सिकाइ र व्यवहारिक सीपमा जोड्नु भए तापनि नीतिगत कल्पना र क्याम्पसहरुको वास्तविक धरातलबीच ठूलो विरोधाभास देखिएको छ (अधिकारी र श्रेष्ठ, २०२१) । विशेष गरी नेपालको पश्चिम तराई क्षेत्रका क्याम्पसहरुमा यो प्रणाली केवल प्राविधिक वा प्रशासनिक परिवर्तनमा मात्र सीमित हुन पुगेको देखिन्छ। क्याम्पसहरुले संरचनागत रुपमा परीक्षाको तालिका परिवर्तन गरे तापनि शिक्षण पद्धति भने पुरानै व्याख्यानमुखी र सैद्धान्तिक नै देखिन्छ । क्याम्पस आउने नयाँ पुस्ताका विद्यार्थीहरु व्यवहारिक ज्ञान र इन्ट्रनसिपको अवसर र आफ्नो जीविकाका लागि उपयोगी हुने सीप सिक्न चाहन्छन् तर क्याम्पसहरुको परम्परागत ढर्राले गर्दा उनीहरुको अपेक्षा र क्याम्पसको यथार्थबीच ठूलो दूरी सिर्जना भएको छ (पौडेल र महर्जन, २०२०) । यसले गर्दा एकातिर विद्यार्थीहरुमा शैक्षिक असन्तुष्टि बढेको छ भने अर्कोतिर सेमेस्टर प्रणालीले माग गर्ने निरन्तर प्राज्ञिक सक्रियताका लागि उनीहरुले क्याम्पसबाट पर्याप्त परामर्श र ढाडस पाउन सकेका छैनन् (शर्मा, २०१९) ।

यो समस्या केवल कक्षाकोठाको शिक्षण विधिमा मात्र सिमित छैन, बरु क्याम्पसले गराउने अतिरिक्त क्रियाकलाप र बजारको मागसँग पनि जोडिएको छ। क्याम्पसहरुले गराउने औद्योगिक भ्रमण वा अतिथि व्याख्यान जस्ता सहपाठ्य गतिविधिहरु केवल औपचारिकता निभाउने खालका मात्र छन्, जसले गर्दा विद्यार्थीहरुलाई वास्तविक कार्यक्षेत्रको अनुभव र आत्मविश्वास दिन सकेका छैनन् (न्यौपाने र रिजाल, २०२०)। नतिजा स्वरुप क्याम्पसबाट स्नातक गरिसकेका विद्यार्थीहरु बजारमा पुग्दा रोजगारदाताहरुले उनीहरुमा आवश्यक व्यावसायिक र प्राविधिक सीपको अभाव भेटाउने गरेका छन् । यस्तो त्रिकोणात्मक बेमेल अर्थात् विद्यार्थीहरुको व्यावहारिक चाहना, क्याम्पसको सैद्धान्तिक वातावरण र रोजगार बजारको वास्तविक आवश्यकता नै यस क्षेत्रको उच्च शिक्षाको मुख्य चुनौती बनेको छ(कोइराला, २०१९) ।

यही परिवेश र विद्यमान चुनौतीहरुलाई मध्यनजर गर्दै प्रस्तुत अध्ययनले मुख्य रुपमा निम्न लिखित अनुसन्धान प्रश्नहरुमाथि केन्द्रीत रहेर गहन विश्लेषण गर्ने प्रयास गरेको छ।

- पश्चिम तराईका सेमेस्टर प्रणालीमा आधारित स्नातक कार्यक्रमहरुमा विद्यार्थीहरुका व्यावहारिक अपेक्षाहरु र क्याम्पसहरुले अपनाएका शिक्षण विधिहरुबीच मुख्य रुपमा कस्ता खाडलहरु रहेका छन् ?
- सेमेस्टर कार्यक्रम अन्तर्गत क्याम्पसद्वारा सञ्चालन गरिने वृत्ति विकास सम्बन्धी गतिविधिहरुको सान्दर्भिकता र प्रभावकारितालाई विद्यार्थीहरुले कसरी मूल्याङ्कन गर्दछन् ?
- शिक्षक शिक्षिका र क्याम्पस प्रशासनले सेमेस्टर शिक्षामा विद्यार्थीहरुका बहुआयामिक अपेक्षाहरु व्यवस्थापन गर्दा के कस्ता संस्थागत तथा संरचनागत चुनौतीहरु सामना गरिरहेका छन् ?
- सेमेस्टर प्रणालीबाट उत्पादित स्नातकहरुको कार्यगत पूर्वतयारी, दक्षता र क्षमताका सम्बन्धमा रोजगारदाताहरुको वास्तविक दृष्टिकोण कस्तो रहेको छ ?

## साहित्य समिक्षा (Literature Review)

प्रस्तुत अध्ययनको वैचारिक धरातल आइसक आज्जेन (१९९१) द्वारा प्रतिपादित नियोजित व्यवहारको सिद्धान्त (Theory of Planned Behavior - TPB) मा आधारित रहेको छ। यस सिद्धान्तले मानिसको व्यवहारलाई मुख्य गरी तीनवटा तत्वहरु जस्तै अभिवृत्ति (Attitudes), आत्मपरक मूल्यमान्यता (Subjective Norms), र अनुभूत व्यवहारिक नियन्त्रण (Perceived Behavioral Control) ले निर्देशित गर्ने तर्क गर्दछ। यस अनुसन्धानको

सन्दर्भमा यो सिद्धान्तले पश्चिम तराईका स्नातक तहका विद्यार्थीहरुले वार्षिक परीक्षा प्रणालीबाट सेमेस्टर प्रणालीमा गरिएको रुपान्तरणलाई कसरी बुझ्दछन् र त्यसमा कस्तो प्रतिक्रिया जनाउँछन् भन्ने कुरा केलाउन मद्दत गर्दछ। सेमेस्टर प्रणालीले आफ्नो भविष्य र जीविकामा सकारात्मक प्रभाव पार्दछ भन्ने विद्यार्थीहरुको सोचले उनीहरुको 'अभिवृत्ति' निर्माण गर्दछ भने क्याम्पसको प्राज्ञिक अनुशासन र सफलताप्रतिको सामाजिक तथा संस्थागत दबाबले उनीहरुको ' आत्मपरक मूल्यमान्यता' लाई निर्देशित गर्दछ। अर्कोतर्फ यस नयाँ र सघन शैक्षिक वातावरणमा आफू सफल हुन सक्छु भन्ने विद्यार्थीको आत्मविश्वास नै उनीहरुको 'अनुभूत व्यवहारिक नियन्त्रण' हो । केन्द्रीत समूह छलफलका क्रममा विद्यार्थीहरुले परम्परागत शिक्षण विधि, व्यावहारिक सीपको अभाव र घोक्ने परिपाटीप्रति जुन असन्तुष्टि व्यक्त गरेका छन् त्यसले उनीहरुको व्यवहारिक नियन्त्रण र अभिवृत्तिमा नकारात्मक असर परेको देखिन्छ, यसरी यो सिद्धान्तले विद्यार्थीहरुका बुझाइ, संस्थागत दबाब र शैक्षिक अपेक्षाहरुले उनीहरुको प्राज्ञिक संलग्नतालाई कसरी प्रभावित गर्दछन् भन्ने बुझ्न एउटा बलियो प्राज्ञिक दृष्टि प्रदान गर्दछ।

नेपालको उच्च शिक्षा क्षेत्रमा परम्परागत वार्षिक प्रणालीबाट सेमेस्टर प्रणालीतर्फको रुपान्तरण एउटा महत्वपूर्ण नीतिगत विकास हो । विश्वविद्यालय अनुदान आयोग (UGC) को नेतृत्वमा सुरु गरिएको यस सुधारको मुख्य लक्ष्य शैक्षिक प्रणालीलाई आधुनिक बनाउँदै विश्वव्यापी शिक्षण पद्धतिसंग जोड्नु हो जसले निरन्तर मूल्याङ्कन, सीपमा आधारित सिकाइ र विद्यार्थीको सक्रिय सहभागितामा विशेष जोड दिन्छ विश्वविद्यालय अनुदान आयोग (UGC, २०२०) । यस्ता नीतिगत सुधारका सैद्धान्तिक फाइदाहरु धेरै भएता पनि नेपालको पश्चिम तराई क्षेत्रमा यसले विद्यार्थीहरुको सन्तुष्टि र वृत्ति विकासको पूर्वतयारीमा कस्तो वास्तविक प्रभाव पारेको छ भन्ने कुरा अहिले पनि चिन्ता र बहसको विषय बनेको छ। शैक्षिक संस्थाहरुले संरचनात्मक परिवर्तन त गरे तर त्यसलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने स्पष्ट अवधारणा र पूर्वतयारीको कमी हुँदा समस्याहरु सतहमा देखिन थालेका छन् ।

नवलपरासी पश्चिम, कपिलवस्तु र रुपन्देही जस्ता जिल्लाहरु समेटिएको पश्चिम तराई क्षेत्र आफैँमा एउटा जटिल सामाजिक आर्थिक र शैक्षिक परिवेश बोकेको क्षेत्र हो। विभिन्न अध्ययनहरुका अनुसार यस क्षेत्रका विद्यार्थीहरु व्यावसायिक सीप सिक्ने, क्याम्पसमा गतिशील शैक्षिक वातावरण पाउने र रोजगारीमूलक पाठ्यक्रम अध्ययन गर्न पाउने गायतका अपेक्षासहित उच्च शिक्षामा प्रवेश गर्दछन् (केन्द्रीय तथ्याङ्क विभाग नेपाल, २०२१)। तथापी विद्यार्थीहरुका यी अपेक्षाहरु र उनीहरुले क्याम्पसमा भोग्ने यथार्थबीच ठूलो दुरी देखिन्छ । यस क्षेत्रका धेरैजसो शैक्षिक संस्थाहरु अझै पनि परम्परागत व्याख्यानमुखी विधिमै बढी निर्भर छन्, जसलाई विद्यार्थीहरुले व्यावसायिक बजारको तयारीका लागि अपर्याप्त मानेका छन् (पौडेल र महर्जन, २०२०) । यस बाहेक उद्योग तथा व्यावसायिक क्षेत्रसंग क्याम्पसहरुको कमजोर समन्वयले यस चुनौतीलाई थप जटिल बनाएको छ । इन्ट्र्नसिप वा क्षेत्रगत भ्रमण जस्ता व्यावहारिक सिकाइका अवसरहरुको अभावले गर्दा विद्यार्थीहरुले कक्षामा प्राप्त सैद्धान्तिक ज्ञानलाई कार्यस्थलमा उतार्न पाएका छैनन् (न्यौपाने र रिजाल, २०२०)। सेमेस्टर प्रणालीमा आधारित यस मोडलप्रति विद्यार्थीहरु र प्राध्यापक दुवै पक्षबाट मिश्रित प्रतिक्रियाहरु प्राप्त भएका छन् । कतिपय विद्यार्थीहरुले निरन्तर मूल्याङ्कन हुने परिपाटीलाई मन पराएका भए तापनि क्याम्पसहरुले अपनाएको हतारोपूर्ण र परीक्षाकेन्द्रीत शैलीप्रति उनीहरु असन्तुष्ट छन्, जसले गर्दा बुझेर पढ्ने भन्दा पनि कोर्स सिक्ने मात्र काम भइरहेको छ (शर्मा, २०१९)। सेमेस्टर प्रणालीमा गरिएको यो तीब्र रुपान्तरणले शिक्षक शिक्षिकाहरुलाई अप्ठ्यारोमा पारेको छ, किनकी धेरैजसो प्राध्यापकहरुलाई यो नयाँ शिक्षण पद्धति प्रभावकारी रुपमा लागू गर्नका लागि आवश्यक प्राज्ञिक तालिम र संस्थागत सहयोग उपलब्ध गराइएको देखिँदैन (शर्मा र दाहाल, २०२०) । क्याम्पसहरुले सञ्चालन गर्ने अतिथि व्याख्यान वा औद्योगिक भ्रमण जस्ता वृत्ति विकासका गतिविधिहरु केवल औपचारिकता र संस्थागत प्रचारप्रसारका लागि मात्र गरिने हुनाले तिनले वास्तविक कार्यक्षेत्रको गहिरो अनुभव

दिन नसकेको गुनासो विद्यार्थीहरुले गरिरहेका छन् (बिस्ट, २०१८; न्यौपाने र रिजाल, २०२०)।

रोजगारदाताहरुले पनि यस्तै खालको चिन्ता व्यक्त गर्दै क्याम्पसबाट पास भएका स्नातकहरुमा कार्यस्थलका लागि आवश्यक व्यावहारिक सीपको अभाव रहेको बताएका छन् । विद्यार्थीहरुले परीक्षामा राम्रो अङ्क त ल्याउँछन् तर प्राविधिक कार्यहरु व्यावसायिक सञ्चार र उद्योग सम्बन्धी विशिष्ट व्यावहारिक ज्ञानमा उनीहरु निकै कमजोर देखिन्छन् ( कोइराला, २०१९ )। यसका साथै सामाजिक आर्थिक कारकहरुले पनि विद्यार्थीहरुका शैक्षिक अनुभवलाई प्रभावित गरिरहेका छन् । पश्चिम तराईका धेरै विद्यार्थीहरु आफ्नो पढाइ खर्च धान्नका लागि आंशिक रोजगारी (Part-time jobs)गर्न बाध्य छन्, जसले गर्दा उनीहरुले सेमेस्टर प्रणालीले माग गर्ने सघन प्राज्ञिक कार्यभार र गृहकार्यमा पूर्ण समय दिन सकिरहेका छैनन् ( पाण्डे र कोइराला, २०२२)। सिमित स्रोत साधन र आर्थिक दबाब जस्ता संस्थागत एवं व्यक्तिगत चुनौतीहरुले गर्दा विद्यार्थीहरुले यस प्रणालीबाट पाउनु पर्ने वास्तविक लाभ पाउन सकेका छैनन् (शर्मा, २०२०) । क्याम्पसहरुले बजारको माग र विद्यार्थीहरुको अपेक्षालाई सम्बोधन गर्नका लागि अब सीप उन्मुख तालिम, बलियो उद्योग शैक्षिक संस्था साझेदारी र प्रभावकारी वृत्ति परामर्श सेवा उपलब्ध गराउनु आवश्यक देखिन्छ (गौतम,२०२१) ।

यस क्षेत्रमा भएका पुराना अनुसन्धानहरुले सेमेस्टर प्रणालीका सामान्य र नीतिगत चुनौतीहरुलाई त केलाएका छन्, तर पश्चिम तराईका क्याम्पसहरुको आन्तरिक प्रावधान र रोजगारदाताका आवश्यकताबीचको त्रिकोणात्मक सम्बन्धलाई एउटै अध्ययनमा समेट्न सकेका छैनन् । विगतका साहित्यहरुमा मुख्य गरी कि त विद्यार्थीहरुका दृष्टिकोण मात्र हेरिएको छ कि त व्यवस्थापकीय पक्षलाई मात्र जोड दिइएको छ । सबै सरोकारवालाहरु अर्थात् विद्यार्थी, प्राध्यापक, क्याम्पस प्रशासन र स्थानीय रोजगारदाताहरुको अनुभवलाई एकै ठाउँमा राखेर यो बेमेलको भित्री कारण खोज्ने प्रयास कतै पनि भएको देखिँदैन । यही अनुभव जन्य अवधारणागत रिक्ततालाई पूर्ति गर्नु नै प्रस्तुत अध्ययनको मुख्य प्राज्ञिक खाडल हो, जसले यस क्षेत्रको सेमेस्टर प्रणालीलाई बढी व्यावहारिक र परिणाममुखी बनाउन ठोस योगदान पु-याउनेछ ।

## अनुसन्धान पद्धति (Research Methodology)

प्रस्तुत अध्ययनमा नेपालको पश्चिम तराई क्षेत्रका सेमेस्टरमा आधारित स्नातक कार्यक्रमहरुमा विद्यार्थीहरुका अपेक्षा र क्याम्पसहरुको वास्तविक धरातलबीचको अन्तरलाई बुझ्न गुणात्मक अनुसन्धान विधि (Qualitative research methodology) को प्रयोग गरिएको छ । यस अनुसन्धानको प्रकृति अन्वेषणात्मक (Exploratory) भएकाले सरोकारवालाहरु जस्तै विद्यार्थी, प्राध्यापक, व्यवस्थापक र उद्योगीहरुको वास्तविक अनुभव र दृष्टिकोणलाई गहिराइबाट बुझ्नु यसको मुख्य लक्ष्य हो । यस अनुसन्धानका लागि हालसालै स्नातक तहमा सेमेस्टर प्रणाली लागू गरिएका पश्चिम तराई क्षेत्रका नवलपरासी पश्चिम, कपिलवस्तु र रुपन्देही जिल्लाहरुलाई अध्ययन क्षेत्रका रुपमा छनोट गरिएको छ ।

यस अध्ययनमा बहुपक्षीय दृष्टिकोण समेट्नका लागि उद्धेश्यमूलक छनौट विधि (Purposeful selection method) मार्फत् सहभागीहरु चयन गरिएको थियो । तथ्याङ्क सङ्कलनका लागि सेमेस्टर प्रणालीमा अध्ययनरत स्नातक तहका विद्यर्थीहरुसँग तीनवटा केन्द्रीत समूह छलफल (Focus Group Discussions - FGDs) सञ्चालन गरियो, जसले गर्दा यो प्रणाली अध्ययन गरेका विद्यार्थीहरुको प्रत्यक्ष अनुभव सङ्कलन गर्न सहज भयो । यसका साथै सेमेस्टर कार्यक्रम सञ्चालन गरिरहेका क्याम्पसका प्रमुख तथा संयोजकहरुसँग दुईवटा केन्द्रीत समूह छलफल र चारवटा मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interviews - KIIs) लिइएको थियो । अन्तमा रोजगार बजारका

लागि आवश्यक सीप र मानव संसाधन व्यवस्थापनको प्रत्यक्ष ज्ञान भएका बैंकिङ, उत्पादन (Manufacturing) र सेवा क्षेत्रका उच्च तहका पदाधिकारीहरुसँग तीनवटा मुख्य सूचनादाता अन्तर्वार्ता सञ्चालन गरिएको थियो ( ब्रायमन, २०१६)।

तथ्याङ्क सङ्कलनका लागि खुला प्रश्नहरुको (Open-ended questions) प्रयोग गरिएको थियो, जसले गर्दा छलफल अनुसन्धानको परिधिभित्रै केन्द्रीत रहन सक्यो । केन्द्रीत समूह छलफलहरु सामान्यतया एक घण्टा र मुख्य सूचनादाता अन्तर्वार्ताहरु करिब तिस मिनेटसम्म सञ्चालन गरिएका थिए । यस्तो लचिलो समय सीमाका कारण सहभागीहरुले आफ्ना विचार र अनुभवहरु स्वतन्त्र रुपमा राख्न पाए, जसबाट विश्लेषणका लागि पर्याप्त र गहन सामग्री प्राप्त भयो (प्याटन, २००२२ )। छलफलका क्रममा अनुसन्धान कर्ताले सहजकर्ताको भूमिका निर्वाह गर्दै कुराकानीलाई विषयवस्तु बाहिर जान दिएनन् भने स्वाभाविक प्रतिक्रियाका लागि अनुकूल वातावरण निर्माण गरे ।

केन्द्रीत समूह छलफल र मुख्य सूचनादाता अन्तर्वार्ताबाट प्राप्त भएका सबै सामग्रीहरुलाई अनुमति लिई रेकर्ड गरिएको थियो , जसलाई पछि अक्षरमा उतारियो (Transcribed) । यसरी तयार पारिएका सामग्रीहरुलाई विषयगत विश्लेषण पद्धति (Thematic analysis approach) मार्फत् विश्लेषण गरिएको थियो (ब्राउन र क्लार्क, २००६) । अन्तर्वार्ताका उतारहरुलाई मसिनो तरिकाले अध्ययन गरी सामग्रीमा देखिएका समान ढाँचा र दोहोरिएका कुराहरुका आधारमा सुरुमा कोडहरु (Codes)तयार गरियो । ती कोडहरुलाई उप विषयवस्तु (Sub-themes) मा वर्गीकरण गरियो र पछि तिनैलाई परिमार्जन गर्दै मुख्य अनुसन्धान प्रश्नहरु समाधान गर्ने गरी मुख्य विषयवस्तुहरु (Key themes) निर्धारण गरियो । नयाँ अन्तर्वार्ता वा छलफलबाट कुनै पनि नयाँ तथ्य वा विषयवस्तु आउन छाडेपछि अर्थात् विषयगत सघनता (Data saturation) हाँसिल भएपछि तथ्याङ्क सङ्कलनको प्रक्रिया रोकिएको थियो ( गेस्ट, बन्स र जोन्सन, २००६) । यस विषयगत विश्लेषणले पश्चिम तराई क्षेत्रका क्याम्पसहरुको आन्तरिक प्रावधान र विद्यार्थीहरुका अपेक्षाहरुबीच देखिएको खाडललाई व्यवस्थित रुपमा व्याख्या गर्न र जटिल प्राज्ञिक वर्णन बुझ्न एउट सुदृढ रुपरेखा प्रदान गरेको छ ।

## तथ्याङ्क विश्लेषण तथा निष्कर्षहरु (Data Analysis and Findings)

केन्द्रीत समूह छलफल (FGDs) र मुख्य सूचनादाता अन्तर्वार्ता (KIIs) बाट प्राप्त सामग्रीहरुको विषयगत विश्लेषण गर्दा विद्यार्थीहरुका अपेक्षा, शैक्षिक संस्थाका प्रावधान र औद्योगिक क्षेत्रको मागबीच ठूलो संरचनात्मक खाडल रहेको पाइएको छ । सरोकारवालाहरुका अनुभव र दृष्टिकोणलाई केलाउँदा मुख्य गरी शैक्षिक पद्धति, संस्थागत सहयोग र बजारमा स्नातकहरुको कार्यगत दक्षतासंग जोडिएका पाँचवटा केन्द्रीय विषयवस्तुहरु परिदृष्टिमा आएका छन्, जसलाई निम्न बमोजिम तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

### क) विद्यार्थीहरुका अपेक्षा र क्याम्पसको शिक्षण अभ्यासबीचको विच्छेद

अध्ययनमा सहभागी विद्यार्थीहरुले क्याम्पसहरुको परम्परागत र अनुदार शिक्षण शैलीप्रति गम्भीर असन्तुष्टि व्यक्त गरेका छन् । केन्द्रीत समूह छलफलहरुमा क्याम्पसहरुले व्यावहारिक सीप विकास गर्नु वा अर्थपूर्ण सिकाइमा जोड दिनुको सट्टा केवल परीक्षाको प्राप्ताङ्क (Academic scores) लाई मात्र बढी महत्व दिने गरेको साझा बुझाइ पाइएको छ । नवलपरासी पश्चिमका विद्यार्थीहरुले कोर्स सक्ने र सधैं पढ्ने निरन्तरको मानसिक दबाबले गर्दा आफूहरुले समग्र शैक्षिक विकासको अनुभव गर्न नपाएको बताएका छन् । सो क्षेत्रका एक विद्यार्थीले आफ्नो पीडा यसरी व्यक्त गरे " हामीलाई सधैं पढ्न र घोक्न मात्र भनिन्छ, तर त्यो ज्ञानलाई व्यवहारमा कसरी उतार्ने भन्ने कुरा सिकाएको पाइँदैन " त्यस्तै अर्का एक सहभागीले शिक्षक र विद्यार्थीहरुबीचको पुस्तान्तरणलाई इङ्गित गर्दै भने "

शिक्षकहरुले हाम्रो वास्तविकता बुझ्नु हुन्न । उहाँहरु सधैँ भन्नुहुन्छ 'हाम्रा पालामा हामी काम पनि गर्थ्यौं र पढथ्यौं पनि ', तर हामी अहिले पूर्ण रुपमा फरक संसारमा बाँचीरहेका छौं ।" प्राध्यापकहरुको पुरानो अपेक्षा र विद्यार्थीहरुको आधुनिक आवश्यकताबीचको यो पुस्तान्तरणजन्य खाडलले विद्यार्थीहरुलाई आफ्नो शिक्षाको सान्दर्भिकतामाथि नै प्रश्न उठाउन बाध्य बनाएको देखिन्छ ।

कपिलवस्तुका एक विद्यार्थीले पनि यस्तै प्रकृतिका चुनौतीहरु साझा गरेका छन् । उनीहरुका अनुसार वार्षिक परीक्षा प्रणालीको तुलनामा सेमेस्टर प्रणालीले कक्षाकोठाको भौतिक वातावरणमा केही सुधार ल्याएको भए तापनि शिक्षाको समग्र गुणात्मक स्तर भने अझै स्थिर नै छ । कपिलवस्तुका एक विद्यार्थीले टिप्पणी गरे " कक्षाकोठाहरु पहिलेभन्दा राम्रा र आधुनिक भएका छन्, तर अरु केही बदलिएको छैन । लाग्छ, हामी एउटा भव्य भवनभित्र पुरानै ठाउँमा अड्किएका छौं ।" त्यस्तै अर्का एक विद्यार्थीले जोड दिँदै भने " हामीलाई यस्तो शिक्षा चाहिएको छ जसले वास्तविक संसारको सामना गर्न तयार गरोस्, न कि हामीले किताब कति घोक्यौं भनेर देखाउने प्राप्ताङ्क पत्र मात्र ।" यी भनाइहरुबाट विद्यार्थीहरुले भोगेका दैनिक यथार्थ र कक्षाकोठामा उनीहरुबाट गरिएका अपेक्षाबीच कति गम्भीर दुरी छ भन्ने कुरालाई स्पष्ट पार्दछ, जसले गर्दा उनीहरुमा वर्तमान शैक्षिक नमुनाप्रति निराशा पैदा भएको देखिन्छ ।

**ख) सहपाठ्य क्रियाकलाप र व्यावसायिक तालिम कार्यक्रमप्रतिको असन्तुष्टि**

क्याम्पसहरुद्वारा आयोजित अतिथि व्याख्यान, औद्योगिक भ्रमण र छोटो अवधिका तालिम कार्यक्रमहरुको गुणस्तर एवं सान्दर्भिकताप्रति तीव्र असन्तुष्टि जनाएका छन् । कपिलवस्तुमा गरिएको छलफलका क्रममा विद्यार्थीहरुले अतिथि व्याख्यानहरु निकै पट्यारलाग्दा र एकतर्फी हुने गरेको गुनासो गरे । एक विद्यार्थीले भने "उहाँहरुले अतिथि वक्ता त लिएर आउनुहुन्छ, तर त्यो केवल एकतर्फी भाषण मात्र हुन्छ । कतै पनि वास्तविक अन्तर्क्रिया नहुने हुँदा म त कक्षामा निदाउने गर्दछु ।" अर्का एक सहभागीले यसको भित्री उद्धेश्यमाथि नै प्रश्न उठाउँदै थपे " मलाई त लाग्छ उहाँहरुले केवल सामाजिक सन्जालमा तस्बिरहरु पोस्ट गर्नको लागि मात्र यस्ता वक्ताहरु बोलाउनु हुन्छ । यो सबै देखाउनका लागि मात्र हो, वास्तविक सिकाइका लागि होइन ।"

यो असन्तुष्टि क्याम्पसले दिने एक्सल (Excel) कार्यशाला जस्ता संक्षिप्त प्राविधिक तालिमहरुमा पनि उत्तिकै देखिन्छ । विद्यार्थीहरुका अनुसार यस्ता तालिमहरु अति छोटा र सतही हुन्छन् कि तिनले कुनै दीर्घकालीन प्रभाव छाड्न सक्दैनन् । एक सहभागीको तर्क थियो "एक्सलमा दिइने एकदिने कार्यशाला कत्ति पनि पर्याप्त छैनन् । यदि हामीलाई सिकाउने नै हो भने एउटा पूर्ण कार्यक्रम सञ्चालन गरियोस् जहाँ हामी आफैँ व्यावहारिक अभ्यास गर्न पाऔँ" यसका साथै औद्योगिक भ्रमण (Industrial visits)हरु पनि निकै हतारोमा र अनुत्पादक ढङ्गले सकिने गरेको अनुभव विद्यार्थीहरुले सुनाएका छन् । एक विद्यार्थीले भने "हामीलाई एउटा ठूलो उद्योगमा भ्रमणका लागि त लगियो, तर त्यहाँ केही कुरा राम्ररी हेर्न समय नै दिइएन । एकै घण्टामा सबै सकियो र पछि हामीले कक्षामा पढेको कुरासंग त्यसलाई जोड्नका लागि कतै कुनै छलफल नै भएन ।" अर्का विद्यार्थीले थपे " यो केवल क्याम्पसको डायरीमा , औद्योगिक भ्रमण गरियो, भनेर टीका लगाउने काम मात्र भयो, हामीले केही उपयोगी कुरा सिक्ने मौका पाएनौं ।" यी अनुभवहरुले के देखाउँछ भने अतिरिक्त क्रियाकलापहरु सतही छन् र विद्यार्थीको वृत्ति विकासको चाहनासँग जोडिन सकेका छैनन् ।

**ग) सङ्काय सदस्य र क्याम्पस प्रशासनप्रतिको दृष्टिकोण**

क्याम्पस प्रमुख (Principals) र संयोजक (Coordinators) हरुको प्रतिर्क्रिया सुन्दा विद्यार्थीहरुको अनुशासन र व्यवस्थापन गर्न र उनीहरुका बढ्दा अपेक्षाहरु पूरा गर्न क्याम्पस प्रशासनले ठूलो चुनौती सामना गरिरहेको बुझिन्छ । संकाय सदस्यहरुले क्याम्पसले वृत्ति विकास सम्बन्धी परामर्शदेखि लिएर व्यावसायिक सेमिनार र क्षेत्रगत

भ्रमणसम्मका विविध गतिविधिहरु उपलब्ध गराउँदै आएको दाबी गरेका छन् । तथापि, आफ्ना यी प्रयासहरुका बाबजुद विद्यार्थीहरु सधैँ असन्तुष्ट हुने गरेको उनीहरु स्वीकार गर्दछन् । एक संयोजकले भने "हामीले धेरै किसिमका गतिविधिहरु गराउने प्रयास त गरिरहेका छौँ, तर उनीहरुका लागि केही पनि पर्याप्त नभए जस्तो देखिन्छ । उनीहरु सधैँ अझै बढी चाहन्छन्, जसले गर्दा उनीहरुको अपेक्षा पूरा गर्न निकै कठिनाई भइरहेको छ ।"

प्रशासकहरुका अनुसार विद्यार्थीहरुमा परम्परागत शैक्षिक संरचना र अनुशासनप्रति एक प्रकारको प्रतिरोध बढ्दै गएको छ । एक क्याम्पस प्रमुखले आफ्नो भोगाइ यसरी व्यक्त गरे "अहिलेका विद्यार्थीहरु पढ्ने बाहेक अरु सबै कुरा गर्न चाहन्छन् । उनीहरुलाई शिक्षणको पुरानो शैलीमा कति पनि रुचि छैन ।" अर्कोतर्फ, बुटवलका विद्यार्थीहरुले क्याम्पसको यो व्यवस्थापकीय शैलीलाई फरक दृष्टिकोणले हेरेका छन् । उनीहरुले क्याम्पसको वातावरणलाई प्राज्ञिक थलो भन्दा पनि बढी वित्तिय लेनदेनको केन्द्र (Financial transaction)का रुपमा बुझेका छन् । बुटवलका एक विद्यार्थीले आक्रोश पोख्दै भने "उहाँहरुका लागि सबै कुरा पैसा मात्र हो । हामी त क्याम्पसका लागि मूल्यसूची (Price tag) जस्तो मात्र भएका छौँ, एक विद्यार्थी बराबर पाँच लाख " यसरी प्रशासनले आफ्ना प्रयासहरु सकारात्मक रहेको दाबी गरिरहँदा विद्यार्थीहरुले भने क्याम्पसलाई केवल बजारमुखी व्यापारिक संस्थाका रुपमा हेर्नुले दुबै पक्षबीच विश्वासको ठूलो सङ्कट रहेको संकेत गर्दछ ।

**घ) प्राज्ञिक ज्ञान र रोजगार बजारको आवश्यकताबीचको बेमेल**

स्थानीय रोजगारदाताहरुबाट प्राप्त प्रतिक्रियाले क्याम्पसमा दिइने प्राज्ञिक ज्ञान र कार्यस्थलमा चाहिने व्यावहारिक सीपबीच गम्भीर खाडल रहेको तथ्यलाई पुष्टि गरेको छ । रोजगारदाताहरुका अनुसार स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरुमा सैद्धान्तिक अवधारणा अब्बल भए तापनि आधारभूत व्यावसायिक क्षमतामा उनीहरु निकै कमजोर छन् । एक रोजगारदाताले प्राविधिक सीपको कमजोरीलाई औंल्याउँदै भने " उनीहरुलाई पाठ्यपुस्तकका कुराहरु राम्ररी थाहा छ, तर जब कार्यस्थलमा एक्सेल (Excel) जस्ता आधारभूत औजारहरु प्रयोग गर्ने कुरा आउँछ, उनीहरु पूर्ण रुपमा अलमलिन्छन् ।" यसका साथै, धेरै रोजगारदाताहरुले विद्यार्थीहरुको व्यावसायिक सञ्चार क्षमता (Professional communication) मा पनि ठूलो समस्या भेटाएका छन् । अर्का रोजगारदाताले आफ्ना अनुभव यसरी सुनाए "अन्तर्वार्ता लिँदा उनीहरु निकै आत्मविश्वासका साथ बोल्छन् तर जब कार्यक्षेत्रमा ग्राहक वा सहकर्मीहरुसंग व्यावसायिक रुपमा संवाद गर्नु पर्ने हुन्छ, उनीहरुले त्यो आत्मविश्वासलाई प्रभावकारी सञ्चारमा बदल्न सक्दैनन्"

शैक्षिक पूर्वतयारी र औद्योगिक बजारको यो बेमेल नै स्नातकहरुको रोजगारी योग्यताका लागि सबैभन्दा ठूलो बाधक बनेको देखिन्छ । एक रोजगारदाताले स्पष्ट शब्दमा भने " हामीलाई केवल किताबी ज्ञान भएका कर्मचारी मात्र चाहिएको होइन । हामीलाई त वास्तविक परिस्थितिमा आफूले सिकेका कुरा लागू गर्न सक्ने मान्छे चाहिन्छ । दुर्भाग्यवश धेरैजसो स्नातकहरु यहीँनिर चुक्ने गरेका छन् ।" रोजगारदाताहरुको यो प्रतिक्रियाले क्याम्पसहरुले विद्यार्थीहरुलाई व्यावसायिक संसारको व्यावहारिक माग अनुरुप तयार गर्न नसकेको यथार्थ उजागर गर्दछ र उच्च शिक्षामा तत्काल सीप उन्मुख सुधारको आवश्यकतालाई जोड दिन्छ ।

**ङ) प्रविधि र पूर्वाधारः अपेक्षा र यथार्थबीचको विषमता**

क्याम्पसहरुले स्मार्ट बोर्ड, वातानुकूलित कक्षाकोठा र अन्य प्रविधिगत सुविधाहरु थपेर आफ्नो भौतिक पूर्वाधार सुधार गरेको कुरा दृश्यात्मक रुपमा प्रष्ट भए तापनि यसले आफ्नो सिकाइको गुणस्तरमा कुनै ठोस योगदान पु-याउन नसकेको बुझाइ विद्यार्थीहरुको रहेको छ । नवलपरासी पश्चिमका एक विद्यार्थीले यस प्रविधिगत प्रदर्शनमाथि टिप्पणी गर्दै भने "हाम्रो क्याम्पसमा यी सबै नयाँ प्रविधिहरु त छन्, तर ती केवल देखाउनका लागि मात्र राखिएका

छन् । उहाँहरुको ध्यान हामीले कसरी सिक्छौँ भन्ने कुरा सुधार्नु भन्दा पनि आधुनिक सामानहरुको प्रदर्शन गर्नुमा बढी देखिन्छ ।"

कपिलवस्तुका विद्यार्थीहरुले पनि यस्तै सतही परिवर्तनहरुप्रति आफ्नो असन्तुष्टि व्यक्त गरे एक सहभागीले भने "कक्षाकोठाहरु पहिलेभन्दा धेरै आरामदायी त भएका छन् तर शिक्षणको गुणस्तर नि ? लाग्छ, क्याम्पसको सम्पूर्ण ध्यान वास्तविक सिकाइमा भन्दा भौतिक सुविधाहरुको विज्ञापन गर्नमा बढी केन्द्रीत छ ।" यस क्षेत्रका विद्यार्थीहरु भौतिक सङ्कट भन्दा पनि क्याम्पसमा बढी अन्तर्क्रियात्मक र जीवन्त सिकाइ वातावरणको खोजी गरिरहेका छन् । कपिलवस्तुका अर्का एक विद्यार्थीले आफ्नो चाहना यसरी राखे "स्मार्ट बोर्डहरू हुनु राम्रो कुरा हो, तर हामीलाई केवल स्क्रिनमा औंल्याएर दिइने व्याख्यान मात्र चाहिएको होइन; हामी त प्राध्यापकहरूसँग गहन छलफल र वास्तविक अन्तर्क्रिया गर्न चाहन्छौँ।" यी प्रतिक्रियाहरूले के प्रस्ट पार्छन् भने क्याम्पसहरूले प्रविधि र पूर्वाधारमा गरेको लगानी र विद्यार्थीले खोजेको वास्तविक प्राज्ञिक नतिजाबीच ठुलो विरोधाभास छ। विद्यार्थीहरू प्रविधिलाई मानवीय अन्तर्क्रियाको विकल्पका रूपमा नभई सिकाइलाई थप गतिशील बनाउने माध्यमका रूपमा हेर्न चाहन्छन्।

## निष्कर्ष तथा सिफारिस (Conclusion and Recommendations)

पश्चिम तराईका सेमेस्टर-आधारित स्नातक कार्यक्रमहरूमा सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रियाले विद्यार्थीका अपेक्षा, शैक्षिक पाठ्यक्रम र औद्योगिक बजारले खोजेको सीपबीच गम्भीर संरचनात्मक खाडल रहेको पुष्टि गर्दछ। क्याम्पसहरूको परम्परागत एवम् अनुदार शिक्षण शैली र परीक्षाकेन्द्रित अभ्यासले विद्यार्थीहरूलाई घोकन्ते विद्या र केवल प्राप्ताङ्कमा मात्र सीमित गराउँदा उनीहरूमा आलोचनात्मक चेतना, व्यावहारिक क्षमता र समग्र प्राज्ञिक विकास हुन सकेको देखिँदैन। कलेजहरूले स्मार्ट बोर्ड वा वातानुकूलित कक्षाकोठा जस्ता भौतिक पूर्वाधारमा सुधार गरे तापनि शिक्षण विधिमा रूपान्तरण नहुँदा ती सुधारहरू सतही साबित भएका छन्। रोजगारदाताहरूका अनुसार स्नातक तह उत्तीर्ण विद्यार्थीहरू सैद्धान्तिक ज्ञानमा अब्बल देखिए पनि कार्यस्थलका लागि अत्यावश्यक सफ्टवेयर औजार (जस्तै Excel), व्यावसायिक सञ्चार र समस्या समाधान गर्ने व्यावहारिक सीपमा निकै कमजोर छन् । क्याम्पसद्वारा आयोजित अतिथि व्याख्यान वा औद्योगिक भ्रमण जस्ता सहपाठ्य क्रियाकलापहरू समेत वास्तविक सिकाइभन्दा संस्थागत प्रचारमुखी र सतही हुँदा तिनले विद्यार्थीको वृत्ति विकासमा ठोस योगदान दिन सकेका छैनन्, जसले गर्दा बजारमा स्नातकहरूको रोजगारीको योग्यता (Employability) निकै कमजोर बन्न पुगेको छ ।

यस त्रिकोणात्मक बेमेललाई सम्बोधन गर्न उच्च शिक्षामा तत्काल व्यापक सुधारका कदमहरू चाल्नुपर्ने देखिन्छ । क्याम्पसहरूले अब परम्परागत व्याख्यानमुखी शिक्षणलाई थाती राखेर परियोजनामा आधारित सिकाइ (Project–based Learning) अवलम्बन गर्नु अपरिहार्य छ, जसले विद्यार्थीलाई वास्तविक कार्यक्षेत्रको अभ्याससँग जोड्न सकोस्। स्थानीय उद्योग तथा व्यावसायिक क्षेत्रसँग बलियो समन्वय गरी विद्यार्थीहरूका लागि इन्टर्नसिप र व्यावहारिक कार्यशालाहरू सञ्चालन गरिनुपर्दछ, जहाँ व्यावसायिक सञ्चार, नेतृत्व विकास र व्यवहार कुशल सीप (soft skills) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाइयोस्। यसका साथै, क्याम्पसले गर्ने औद्योगिक भ्रमण र अतिथि व्याख्यान जस्ता अतिरिक्त क्रियाकलापहरूलाई पुनःडिजाइन गरी भ्रमणपश्चात कक्षाकोठामा सैद्धान्तिक अवधारणा र व्यावहारिक अनुभवलाई जोड्ने गरी समीक्षात्मक छलफल चलाउनु आवश्यक छ। उपलब्ध प्रविधिगत पूर्वाधार र स्मार्ट बोर्डहरूलाई केवल प्रस्तुतीकरणको माध्यम मात्र नबनाई अन्तर्क्रियात्मक पाठहरू र सामूहिक कार्यका लागि उपयोग गरिनुपर्दछ। बजारको द्रुत परिवर्तनशील माग र सूचना प्रविधि तथा व्यवसाय जस्ता क्षेत्रका नयाँ आयामहरूलाई समेट्न उद्योग विज्ञहरूको सल्लाहमा पाठ्यक्रमलाई समयसान्दर्भिक परिमार्जन गर्दै शैक्षिक मोड्युलको ढाँचा र पृष्ठपोषण (Feedback) प्रणालीमा विद्यार्थीहरूलाई सक्रिय रूपमा सहभागी गराउनुपर्ने देखिन्छ।

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको र पश्चिम तराईको विशिष्ट भौगोलिक क्षेत्रमा मात्र सीमित रहेकाले यस विषयको बहुआयामिक बुझाइका लागि भविष्यमा थप अनुसन्धानका क्षेत्रहरू खुल्ला रहेका छन्। आगामी दिनमा यस अनुसन्धानलाई काठमाडौँ उपत्यका वा पूर्वी तराई जस्ता देशका अन्य भूभागहरूमा भौगोलिक रूपमा विस्तार गर्दा उच्च शिक्षाका विविध क्षेत्रीय चुनौतीहरूको अझ व्यापक स्वरूप स्पष्ट हुनेछ। यसै विषयमा ठुलो संख्यामा सर्वेक्षण (Large–scale Surveys) गरी गुणात्मक तथ्याङ्क सङ्कलन गर्दा विद्यार्थीको सन्तुष्टि, शिक्षाको गुणस्तर र रोजगारीको नतिजाबीचको सम्बन्धलाई अझ वस्तुनिष्ठ रूपमा मापन गर्न सकिनेछ। भविष्यका अनुसन्धानहरूले सेमेस्टर प्रणाली, वार्षिक प्रणाली वा त्रैमासिक (Trimester) प्रणाली जस्ता विभिन्न प्राज्ञिक संरचनाहरूले विद्यार्थीको सिकाइ र वृत्ति पूर्वतयारीमा पार्ने सापेक्षिक प्रभावको तुलनात्मक अध्ययन गर्न सक्नेछन्। साथै, सरकारी र निजी क्याम्पसहरूमा अवलम्बन गरिएका शिक्षण विधि, उद्योग-सहकार्य र विद्यार्थी सन्तुष्टिको अन्तर केलाउनु र सूचना प्रविधि वा बैंकिङ जस्ता विशिष्ट उद्योगका मागहरूमाथि केन्द्रित भई अनुसन्धान गर्नु फलदायी हुनेछ। अन्त्यमा, समयक्रमसँगै शैक्षिक सुधारका दीर्घकालीन प्रभावहरू नियाल्न दीर्घकालीन (Longitudinal) अनुसन्धान गर्नु र क्याम्पसहरूमा गतिशील शैक्षिक वातावरण निर्माणका लागि निरन्तर विद्यार्थी पृष्ठपोषण संयन्त्र (Continuous Student Feedback Systems) को भूमिकाको मूल्याङ्कन गर्नु आगामी प्राज्ञिक कार्यका लागि महत्वपूर्ण दिशा हुनेछ।

**सन्दर्भ सूची (References)**

अजेन, आई. ( १९९१), योजनाबद्ध व्यवहारको सिद्धान्त, संगठनात्मक व्यवहार र मानव निर्णय प्रक्रियहरु। *साक्षात्कार,* ५०(२) , १७९-२११ । *https://doi.org/10.1016/0749-5978(91) 90020-T*

अधिकारी, टि. आर., र महर्जन, के. एल. (२०२०), नेपालमा उच्च शिक्षा सुधारः चुनौती र अवसरहरु, काठमाडौं विश्वविद्यालय प्रेस ।

अधिकारी, बी., र श्रेष्ठ, पि.(२०२१), नेपालमा उच्च शिक्षा सुधारः चुनौती र अवसरहरु, त्रिभुवन विश्वविद्यालय प्रेस ।

केन्द्रीय तथ्याङ्क विभाग नेपाल. (२०२१), राष्ट्रिय जनगणना तथा आवास गणना २०२१, नेपाल सरकार ।

कोइराला, एस.(२०१९ क), विद्यार्थीहरुको कार्यक्षमतामा सेमेस्टर प्रणालीमा आधारित शिक्षाको प्रभावको मूल्याङ्कनः नेपालको एक अध्ययन,काठमाडौं विश्वविद्यालय प्रेस ।

कोइराला, एस. (२०१९ ख), नेपालमा विश्वविद्यालय स्नातकहरुको कार्यस्थल कौशल र रोजगार क्षमता। *काठमाडौं विश्वविद्यालय बिजनेस एण्ड म्यानेजमेन्ट रिभ्यु,* १०(१), ३८-४८ ।

गेस्ट, जि., बन्स, ए., र जोन्सन, एल. (२००६), कतिवटा अन्तर्वार्ताहरु प्रयाप्त हुन्छन् ? डाटा स्याचुरेसन र परिवर्तनशीलतामा आधारित एक प्रयोग, *फिल्ड म्याथड,* १८(१), ५९-८२ । https://doi.org/10.1177/1525822X05279448

गौतम, के.(२०२१), नेपालको उच्च शिक्षामा विद्यार्थी संलग्नता र सिकाइ उपलब्धिका परिणामहरुमा सुधार। *जर्नल अफ हायर एजुकेशन डेभलपमेन्ट,* ८(३), ५१-६३ ।

गौतम, के. पि.(२०२१), वार्षिकबाट सेमेस्टर प्रणालीमाः नेपाली विश्वविद्यालयमा नयाँ शैक्षिक सुधारहरुको प्रभावकारिताको मूल्याङ्कन। *एसियन जर्नल अफ एजुकेशन एण्ड डेभलपमेन्ट,* १२(१), ३३-४८ ।

न्यौपाने, आर., र रिजाल, एम.(२०२१), नेपाली उच्च शिक्षा प्रणालीमा रहेका खाडलहरुको मूल्याङ्कनः एक विद्यार्थी केन्द्रीत दृष्टिकोण। *जर्नल अफ हायर एजुकेशन पोलिसी,* १४(२), ८९-१०४ ।

न्यौपाने, आर., र रिजाल, पि.(२०२०), पश्चिम तराईमा उद्योग एकेडेमिक साझेदारीः राम्रो करियर तयारीको लागि

खाडल पुर्दै। *नेपाल जर्नल अफ एजुकेशन एण्ड डेभलपमेन्ट,* ७(२),७४-८९ ।

पण्डे, पि., र कोइराला, एम.(२०२२), नेपालको तराई क्षेत्रका विद्यार्थीहरुले सामना गरेका सामाजिक आर्थिक चुनौतीहरु। *जर्नल अफ साउथ एशियन स्टडिज,* ५(१), २५-३८ ।

पण्डे, एस.आर., र कोइराला, बि.(२०२२), ग्रामीण नेपालमा शिक्षा र सामाजिक आर्थिक चुनौतीहरुः पश्चिम तराईका विद्यालयहरुको एक अध्ययन। *नेपाल जर्नल अफ सोसल रिसर्च,* १८(२), ९०-११५ ।

पैटन, एम.क्यू.(२००२), गुणात्मक अनुसन्धान र मल्याङ्कन विधिहरु (तेस्रो संस्करण), सेज पब्लिकेशन्स ।

पौडेल, पि., र महर्जन, आर.(२०२०), नेपालमा उच्च शिक्षा सुधारको सन्दर्भमा परम्परागत शिक्षण विधिहरुको प्रभावकारिता। *नेपाली जर्नल अफ एजुकेशनल रिसर्च,* ६(३), १०१-११५ ।

ब्राउन, भि., र क्लार्क, भि. (२००६), मनोविज्ञानमा थिम्याटिक विश्लेषणको प्रयोग। *क्वालिटेटिभ रिसर्च इन साइक्लोजी,* ३(२),७७-१०१ । https://doi.org/10.1191/1478088706ap063oa

ब्रायम्यान, ए.(२०१६), सामाजिक अनुसन्धान विधिहरु ( पाँचौं संस्करण), अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

ब्रायसन, सि.(२००४), उच्च शिक्षामा विद्यार्थी संलग्नताः एक आलोचनात्मक समीक्षा र अवधारणात्मक मोडेल। *स्टडिज इन हायर एजुकेशन,* २९(१), ८५-९७। https://doi.org/10.1080/0307507032000158223

भण्डारी, आर., र श्रेष्ठ, एस. (२०२१), नेपालमा सेमेस्टर प्रणालीमा आधारित शिक्षामा विद्यार्थीको दृष्टिकोणः एक गुणात्मक अध्ययन। *जर्नल अफ हायर एजुकेशन पोलिसी एण्ड म्यानेजमेन्ट,* ४२ (३), २४५-२६३ ।

विश्वविद्यालय अनुदान आयोग (UGC).(२०२०), राष्ट्रिय उच्चशिक्षा नीतिः सुधारका चुनौती र रणनीतिहरु, नेपाल सरकार ।

विश्वविद्यालय अनुदान आयोग नेपाल (UGC).(२०२२), उच्च शिक्षा नीति र सुधारः वार्षिक प्रतिवेदन, यूजीसी (UGC) ।

विश्वविद्यालय अनुदान आयोग नेपाल (UGC).(२०२३), उच्च शिक्षा नीति र सुधारः वार्षिक प्रतिवेदन, यूजीसी (UGC) ।

विष्ट, के.(२०१८), नेपाली विश्वविद्यालयहरुमा शिक्षण र सिकाइ अभ्यासहरुः एक आलोचनात्मक विश्लेषण। *जर्नल अफ हायर एजुकेशन रिसर्च,* १५(२), १०२-११८ ।

विष्ट, पि.(२०१८), नेपालमा उच्चशिक्षाका चुनौती र अवसरहरुः सेमेस्टर प्रणालीको एक अध्ययन। *काठमाडौं विश्वविद्यालय जर्नल अफ एजुकेशन,* १४(२), ११२-१२९ ।

शर्मा, एम.(२०१९), नेपालमा सेमेस्टर प्रणालीप्रति विद्यार्थीहरुको धारणा चुनौती र अवसरहरु। *काठमाडौं विश्वविद्यालय जर्नल अफ सोसल साइन्सेज,* १५(१), २२-३६ ।

शर्मा, पि.आर.(२०१९ ख), नेपालमा उच्च शिक्षाको बदलिँदो स्वरुपः चुनौती र सम्भावनाहरु। *एजुकेशन पोलिसि रिभ्यु,* २१(१), ८५-९७ ।

शर्मा, पि.(२०१९ क), नेपालमा उच्च शिक्षाको बदलिँदो स्वरुपः चुनौती र सम्भावनाहरु। *एजुकेशन पोलिसि रिभ्यु,* २२(३), ४५-६१,

शर्मा, पि., र दाहाल, बी.(२०२०), नेपालमा सेमेस्टरमा आधारित शिक्षा प्रणालीका लागि प्राध्यापकहरुको तत्परता। *इन्टरनेशनल जर्नल अफ एजुकेसनल डेभलपमेन्ट,* १४(२), ५८-७४ । https://doi.org/10.1016/j.ijedudev.2020.102047

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल.(२०२०). नेपालमा श्रम बजारको प्रवृत्तिः एक विश्लेषणात्मक समिक्षा ।